# आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

## विषयगत पुस्तिका




राष्ट्रिय मानव अधिकार आयोग
हरिहरभवन, ललितपुर

सबैका लागि मर्यादा, समानता र न्याय

# आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकार

विषयगत पुस्तिका

प्रकाशक

**राष्ट्रिय मानव अधिकार आयोग**

हरिहरभवन, ललितपुर

२०६९

| | | |
|---|---|---|
| **लेखन** | : | वासुदेव बजगाईं |
| | : | मायादेवी शर्मा |
| | : | श्रीराम अधिकारी |
| **संयोजन** | : | वेदप्रसाद भट्टराई |
| | : | सूर्य बहादुर देउजा |
| **सम्पादन** | : | वेदप्रसाद भट्टराई |
| | : | दुर्गा खड्का |
| | : | सूर्य बहादुर देउजा |
| | : | सम्झना शर्मा |
| | : | जीवन न्यौपाने |
| **शुद्धाशुद्धी** | : | कैलाशकुमार सिवाकोटी |
| **प्रकाशन मिति** | : | जेठ, २०६९ |
| **संस्करण** | : | प्रथम |
| **प्रति** | : | २००० |
| **प्रकाशन नं.** | : | ९१ - १४१ - २०६९ |
| **सर्वाधिकार** | : | राष्ट्रिय मानव अधिकार आयोग, नेपाल। |
| **प्रकाशन सहयोगी** | : | राष्ट्रिय मानव अधिकार आयोग, क्षमता सवलीकरण परियोजना |
| **मुद्रण** | : | युनाइटेड ग्राफिक प्रिन्टर्स, फोनः ४००९५७० |

---

वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ श्रोत खुलाई यस पुस्तिका एवम् यसका अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ। यसबाहेक आयोगको पूर्व स्वीकृतीबिना यस पुस्तिकलाई व्यापारिक वा अन्य प्रयोजनको लागि पुनः उत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन।

# पुस्तिका सम्बन्धमा

राष्ट्रिय मानव अधिकार आयोगले मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनको स्थितिलाई सुनिश्चित गर्ने सन्दर्भमा आफ्नो स्थापनाकालदेखि नै कार्य गर्दै आएको छ। मानव अधिकारका विविध विषय र सवालहरूलाई समष्टिगत रूपमा हेर्दा कतिपय विशिष्ट अधिकारहरूको उपभोगबाट वञ्चितीकरणमा परेका मानिसहरूको लागि मानव अधिकारको विषय गौण बन्न नजाओस् भन्ने उद्देश्यका साथै आयोग स्वयम्को आत्मसमीक्षा र भावी कार्ययोजनाहरूमा समेत परिमार्जन, परिष्करणको लागि यो विषयगत पुस्तिका प्रकाशन गर्ने प्रयत्न गरिएको छ। यसबाट यस क्षेत्रमा आयोगले गरेका कामकारबाहीहरूको सम्बन्धमा सरोकारवालाहरूलाई सङ्क्षेपमा जानकारी गराउने प्रयास गरिएको छ। सम्बन्धित सरोकारवालाहरू सबैको सुझावबाट यसलाई भविष्यमा अझ परिस्कृत गर्दै लैजान मद्दत पुग्ने छ।

यस पुस्तिकामा नेपालमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारको सङ्क्षिप्त परिचय, अवस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, यस सम्बन्धमा आयोगले निर्वाह गरेको भूमिका तथा गतिविधिहरू, अनुसन्धान, अनुगमन र सम्वर्द्धनात्मक कार्यहरू, हाल आयोगमा अनुसन्धानको क्रममा रहेका उजुरीहरूको अवस्था, आयोगले प्रदान गर्ने सेवाहरू, आयोगका हालसम्मका प्रकाशनहरू एवम् विभिन्न निकायहरूसँग आयोगले गरेका सहकार्यहरू समेतलाई उजागर गर्ने प्रयास गरिएको छ।

अन्त्यमा, यो परिचयात्मक पुस्तिका तयारीका क्रममा विशेष सहयोग गर्ने मानव अधिकार अधिकृत जीवन न्यौपाने, घनश्याम भण्डारी, तथ्याङ्क उपलव्ध गराई सहयोग गर्नुहुने मानव अधिकार सहायक तारादेवी वाग्ले, खिमानन्द बस्याल, मन्दिरा श्रेष्ठ लगायत प्रत्यक्ष र परोक्ष रूपमा सहयोग पुऱ्याउने आयोगका केन्द्रीय, क्षेत्रीय र उपक्षेत्रीय कार्यालयका सम्पूर्ण कर्मचारीहरू विशेष धन्यवादका पात्र छन्। आशा छ, यस विषयमा चासो राख्नुहुने सबै महानुभावहरूको लागि यो प्रकाशन एक उपयोगी सामग्री हुनेछ।

**राष्ट्रिय मानव अधिकार आयोग**

# विषय–सूची


| | | पेज नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था | ४ |
| ३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता | ६ |
| ४. | आयोगको भूमिका | ९ |
| ५. | आयोगका गतिविधिहरू | १० |
| | ५.१. अनुसन्धान | ११ |
| | ५.२. अनुगमन | १२ |
| | ५.३. सम्वर्द्धन तथा वकालत सम्बन्धी कार्यहरु | १९ |
| | ५.४ विधि विषय तथा परामर्श | २१ |
| | ५.५ उजुरी र सिफारिसहरुको अवस्था | २१ |
| | ५.६ आयोगले प्रदान गर्ने सेवाहरू | २४ |
| | ५.७ आयोगका प्रकाशनहरू | २५ |
| ६. | आयोगको सहकार्य | २८ |
| ७. | आयोगका कार्यालयहरू | ३१ |

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

## १. परिचय

### १.१. पृष्ठभूमि

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई दास्रो पुस्ताको अधिकारका रूपमा वर्गीकरण गरिँदै आएकोमा हाल सबै अधिकारहरू समान हुन्छन् भनी व्याख्या विवेचना गरिँदै आएको पाइन्छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू प्रत्यक्ष/परोक्ष रूपमा व्यक्तिको जीवनको अधिकारसँग सम्बन्धित रहेका हुन्छन् । नेपाल अधिराज्यको संविधान, २०४७ भन्दा अगाडि यस्ता अधिकारहरूको संरक्षण र सम्वर्द्धनलाई बेवास्ता गरिएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०४७ मा राज्यका नीति तथा निर्देशक सिद्धान्तअन्तर्गत उल्लिखित अधिकारहरूलाई स्थान दिइएको थियो । नेपालको अन्तरिम संविधान २०६३ ले वातावरण तथा स्वास्थ्य, शिक्षा तथा स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षा र श्रमसम्बन्धी हकसमेतलाई मौलिक हकका रूपमा स्थापित गरेको छ । उल्लिखित मौलिक हक अधिकार उल्लङ्घन भएमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको पूर्ण प्रत्याभूतीको लागि संवैधानिक उपचारका हकको प्रावधानअनुरूप यी अधिकारहरूलाई प्रचलनका लागि अदालतमा जान सकिने कुरालाई सकारात्मक रूपमा मूल्याङ्कन गर्न सकिन्छ ।

आर्थिक सामाजिक सांस्कृतिक अधिकारहरू मानव अधिकारका महत्त्वपूर्ण विषयहरू हुन् । संयुक्त राष्ट्रसङ्घको बडापत्रको धारा ५५ तथा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा २२ देखि २७ सम्म विभिन्न आर्थिक सामाजिक सांस्कृतिक अधिकारहरूको उल्लेख गरिएको छ । साथै नेपाल पक्ष भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी सन्धिले पनि आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारहरूको सम्बन्धमा व्यवस्था गरेको छ । नेपालमा दैनिक उपभोग्य तथा खाद्यान्न वस्तुहरूको अभाव, मिसावट, प्रदुषण,

अव्यवस्थित बसोबास, अशिक्षा अशिक्षा स्वास्थ्य सेवामा पहुँच नहुनु, विस्थापितहरूको समस्या लगायतका विषयवस्तुहरूमा प्रभावकारी कार्य नभैरहेको सन्दर्भमा यस्ता अधिकार संरक्षण र सम्वर्द्धनका लागि नेपाल सरकार र सरोकारवालाहरूको संयुक्त प्रयास अपरिहार्य देखिएको छ। प्रस्तुत पुस्तिकामा आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका संरक्षण, सम्वर्द्धन र पालनाका लागि इकाइ स्थापना, नेपालमा उल्लिखित अधिकारहरूको स्थिति, यस्ता अधिकार संरक्षण, सम्वर्द्धन र पालनाका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरू, आयोग स्थापनादेखि हालसम्म सम्बन्धित विषयमा परेका उजुरी र उजुरीहरूउपर आयोगले गरेका कामकारबाही एवम् गतिविधिहरू, नागरिक समाज लगायत सरोकारवाला निकायहरूसँगको सहकार्य लगायतका विषयहरूलाई सम्बोधन गर्ने प्रयास गरिएको छ। प्रस्तुत पुस्तिकामार्फत यस क्षेत्रमा कार्यरत सम्पूर्ण सङ्घसंस्थाहरू, मानव अधिकारकर्मीहरू समेतलाई सहयोग पुग्ने अपेक्षा गरिएको छ।

## १.२. आर्थिक–सामाजिक–सांस्कृतिक अधिकार इकाइ स्थापना

आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षणका लागि २०५७ सालमा संरक्षण महाशाखाको स्थापना गर्‍यो। यस महाशाखा अन्तर्गत राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयको विषयगत संरचनाअनुरूप कार्यसम्पादन गर्न सहज हुने गरी जातीय विभेदविरुद्धको अधिकार, महिला मानव अधिकार, यातनाविरुद्धको अधिकार, बाँच्न पाउने अधिकार लगायत नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतीक अधिकार आदि संरक्षणार्थ संयुक्त राष्ट्रसङ्घमा कायम रहेका २९ संयुक्त राष्ट्रसङ्घीय विषयगत विशेष प्रतिवेदकहरूको सङ्ख्याको आधारमा आयोगको २९ वटा नै विषयगत इकाइहरू स्थापना थियो। वि.सं. २०६७ सालमा आएर संयुक्त राष्टसङ्घीय मानव अधिकारसम्बन्धी प्रमुख नौ महासन्धिहरूलाई आधार मानी आयोगको अनुसन्धान र सम्वर्द्धन महाशाखामा छुट्टाछुट्टै सन्धि इकाइहरू स्थापना भई कार्य भइरहेको छ । हाल प्रमुख महासन्धिहरूका आधारमा नौ वटा इकाइहरूले कार्यसम्पादन गर्दै आएको अवस्था छ। जसमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी इकाइ पनि मुख्य रुपले रहेको छ।

यस इकाइ स्थापनाको प्रमुख उद्देश्य आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि (ESCR) ले प्रत्याभुत गरेका मानव अधिकारको

सम्मान, संरक्षण, सम्वर्द्धन र सुनिश्चित गर्नुरहेको छ । यस इकाइले आयोगका रणनीतिक योजनाहरूले निर्धारण गरेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धमा रहेका योजना बमोजिमको कार्य गर्नुका साथै आयोगमा प्राप्त उजुरीहरूको सम्बन्धमा आयोगको कार्यादेश बमोजिमको कारबाही प्रक्रिया अगाडि बढाउने कार्य गर्दछ । साथै संयुक्त राष्ट्र संघीय मानव अधिकार समितिले दिएको शिफारिसको कार्यान्वयनको अवस्था अनुगमन गर्दछ ।

मानवअधिकार आयोग ऐनले आयोगलाई विभिन्न मानवअधिकार संरक्षण, सम्मान र परीपालनाका निम्ति विभिन्न जिम्मेवारी प्रदान गरेको छ । आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को नेपाल पक्षराष्ट्र भएकोले उक्त अभिसन्धिमा भएका सम्पूर्ण अधिकारहरूको कार्यान्वयन गर्ने गराउने दायित्व नेपाल सरकारको नै एकाले यसको पूर्ण पालनाको लागि क्रियाशील छ । यस्ताअधिकारहरूको संरक्षण, सम्मान र परिपालनाका लागि अनुसन्धान महाशाखाअन्तर्गतको यस इकाइको प्रमुख उद्देश्यहरू निम्नबमोजिम रहेका छन्:

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको नेपाल पक्षराष्ट्र भएकोले उक्त अभिसन्धिमा रहेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण, सम्मान र परिपालन एवम् दायित्व निर्वाहको अनुगमन गर्ने,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उल्लङ्घन रोकथाम गर्न सक्रिय भूमिका निर्वाह गर्ने तथा उल्लङ्घनको घटनाको अनुसन्धान अनुगमन गर्ने,
- नेपाल सरकारलाई सन्धिले दिएको अन्तर्राष्ट्रिय दायित्व पुरा गराउन प्रभावकारी भूमिका निर्वाह गर्ने ।

### १.३. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार इकाइले मूख्य रूपमा देहायका कार्यहरू गर्दछः:

- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार उल्लङ्घनका उजुरीहरू ग्रहण गर्ने,
- उजुरीहरूउपर अनुगमन तथा अनुसन्धान गरी आयोगसमक्ष प्रतिवेदन पेश गर्ने,

- आयोगसमक्ष पेश भएको प्रतिवेदनउपर छलफल गरी निर्णय प्रकृयामा लैजाने,
- आयोगबाट भएको निर्णय कार्यान्वयनका लागि सम्बन्धित पक्षसँग समन्वय, सहकार्य गर्ने,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित विषयमा विभिन्न प्रतिवेदनहरू प्रकाशन गर्ने,
- विभिन्न सरोकारवाला निकाय, अधिकारीहरूसँग समन्वय, सहकार्य र परामर्श गर्ने,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनअनुसार नागरिकहरूको हकअधिकार संरक्षण, सम्वर्द्धन र परिपालनाका निम्ति अन्तर इकाइ समन्वय गर्ने,
- नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय समितिमा बुभाएको प्रतिवेदनको सिफारिसहरूको कार्यान्वयनको लागि वकालत गर्ने, र
- नेपाल सरकारले संयुक्त राष्ट्रसङ्घीय समितिमा बुझाउन तयार गरेको प्रतिवेदनको पुनरावलोकन गरी राय सहित नेपाल सरकारलाई पठाउने ।

## २. नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको अवस्था

नेपाल एक विकासोन्मूख राष्ट्र भएको कारण आर्थिक सामाजिक अधिकार संरक्षणमा धेरै चुनौतीहरू रहेको पाइन्छ । दुर्गम तथा गरिब परिवारका व्यक्तिहरू आफ्ना आधारभूत आवश्यक्ता पूरा गर्न नसकेर आधारभूत अधिकारको रूपमा रहेको जीवनको अधिकारबाटसमेत वञ्चित हुनुपरेको यथार्थ अवस्था विद्यमान छ । आफ्नो र आफ्ना बालबच्चाहरूको आधारभूत आवश्यकता पूरा गर्न नसकेर परिवारसहित आत्महत्या गरेको, बालबच्चाहरूलाई नदीबाट खसाएको जस्ता समाचारहरू विभिन्न सञ्चारमाध्यमहरूमा प्रकाशित भएका छन् । शिक्षा, आधारभूत स्वास्थ्य सुविधा, गाँस, वास तथा कपासको अभाव तथा न्यून आयश्रोत तथा चरम् गरिबीको आदिको कारणले आम नेपालीहरू आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित भएको अवस्था छ । त्यसै गरी राज्यपक्षले नागरिक तथा राजनैतिक अधिकारलाई मात्र प्राथमिकतामा राखेर कार्य गर्ने भएकोले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकरको पर्याप्त संरक्षण र सम्वर्द्धन हुन सकेको छैन । राज्यले आफ्नो आयलाई यस

अधिकारको प्रयोगमा भन्दा पनि अन्यत्र लगानी गर्ने परिपाटीले यी अधिकारहरू ओझेलमा परेका छन् । आम नेपालीले नागरिक तथा राजनैतिक अधिकारको तुलनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको निर्वाध प्रयोग र प्रचलन गर्न पाएका छैनन् । नेपाल पक्ष भएका मानव अधिकारसम्बन्धी सन्धिहरूको घरेलुकरण धेरै सन्धिहरूमा भएता पनि आर्थिक, सामाजिक, तथा सांस्कृतिक अधिकारसम्बन्धी सन्धि अनुसारको राष्ट्रिय कानुनको निर्माण हालसम्म हुन सकेको छैन र निर्माण भएका कानुनहरूको पनि प्रभावकारी कार्यान्वयन हुन सकेका छैनन् ।

नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका प्रमुख मुद्दाहरूमा स्वास्थ्यको अधिकार, खाद्य अधिकार, भोकमरी, गुणस्तरीय खाद्यान्न तथा उपभोग्य सामग्रीको अभाव, शिक्षाको अधिकार, सम्पत्तिको अधिकार, शुद्ध खानेपानी, धार्मिक सांस्कृतिक अधिकार, पेशा, रोजगार, उद्योग व्यापारको अधिकार, आवासको अधिकार, जवरजस्ती विस्थापन विरुद्धको अधिकार सामाजिक तथा सांस्कृतिक विभेद, कुपोषणविरुद्धको अधिकार, रोजगारीको अधिकार, श्रमिकको अधिकार आदि रहेका छन ।

**नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पाइएका प्रमुख चुनौतीहरू देहाय बमोजिम छन् :**

- सामाजिक सांस्कृतिक, जातीय विभेद लगायत लैङ्गीक विभेद कायमै रहनु,
- विद्यमान कानुनको प्रभावकारी कार्यान्वयन नहुनु र दण्डहीनताले प्रश्रय पाउनु,
- अधिकारमा आधारित कानुनको अभाव हुनु र भएका कानुनहरू कल्याणकारी अवधारणामा अधारित रहनु,
- मौलिक अधिकार अन्तर्गत रहेका केही आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार शर्त सहितको हुनु,
- अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भइसक्दा पनि सन्धिको राष्ट्रियकरण नभएको अवस्था विद्यमान हुनु,
- गरिबीको दरमा कमी आउन नसक्नु,
- विपन्न आर्थिक अवस्थाको स्थिति कायम रहनु,
- आधारभूत मानव अधिकारबाट आमनागरिक वञ्चित रहनु,

- अधिकार संरक्षणमा जनचेतनाको कमी हुन पुग्नु,
- अधिकारको उल्लङ्घनमा अनुगमन संयन्त्रको अभाव, प्रभावकारी अनुगमन हुन नसक्नु,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूलाई राज्यबाट न्यायोचित रूपमा सम्बोधन नगरिनु,
- अधिकारको उल्लङ्घनमा पर्याप्त राहत, क्षतिपूर्तिको उपलब्ध नगराइनु,
- अन्तर्राष्ट्रिय मानवअधिकार कानुनबमोजिम मानव अधिकारप्रति राज्यका दायित्वहरू संरक्षण, सम्वर्द्धन र परिपूर्ति गर्ने दायित्व पूर्णरूपमा कार्यान्वयन नहुनु इत्यादि ।

## ३. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता

### ३.१. राष्ट्रिय कानुन नीतिहरू:

नेपालको अन्तरिम संविधान, २०६३ द्वारा समानता र अभेदभावको सिद्धान्तलाई आत्मसात गरी मौलिक हकअन्तर्गत कुनै पनि आधारमा भेदभाव नगरिने भनी उल्लेख गर्नुका साथै यस्ता अधिकारहरू सबै नेपाली नागरिक नागरिकलाई प्रत्याभूत हुने र सो को उल्लङ्घन हुन गएको अवस्थामा संवैधानिक उपचारको हकलाई समेत प्रत्याभूत गरिएको छ । संविधानले प्रत्येक नागरिकलाई आार्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षण, सम्वर्द्धनका लागि धारा १६ देखि धारा १९ सम्म वातावरण तथा स्वास्थ्यसम्बन्धी हक, शिक्षा तथा संस्कृतिसम्बन्धी हक, रोजगारी तथा सामाजिक सुरक्षासम्बन्धी हक, प्रत्येक नागरिकलाई कानुनमा व्यवस्था भएबमोजिम रोजगारीको हक, सम्पत्तिको हक, श्रमसम्बन्धी हक प्रदान गरेको छ। यसका साथै आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणका लागि बिस्तृत शान्तिसम्झौता, २०६३ आन्तरिक रूपमा विस्थापित व्यक्तिसम्बन्धी राष्ट्रिय नीति, २०६३ द्वन्द्वपीडितहरूका लागि आर्थिक सहायता एवम् राहत सम्बन्धी मापदण्ड, २०६४ श्रम ऐन, २०४८श्रम नियमावली, २०५० खाद्य ऐन, २०२३ शिक्षा ऐन, २०२८ स्वास्थ्य सेवा ऐन आदि कार्यान्वयनमा रहेका छन् ।

उपभोक्ता अधिकार संरक्षणका लागि उपभोक्ता संरक्षण ऐन २०५४, पशुस्वास्थ्य तथा पशुसेवा ऐन, २०५५, पशु वधशाला र मासु जाँच ऐन, २०५५, सार्वजनिक

खरीद ऐन २०६३, वाणिज्य नीति, २०६५, कालो बजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२, राष्ट्रिय दूग्घ विकास बोर्ड ऐन, २०४८, गुणस्तर, नाप र तौल ऐन, २०२५, हवाइ नीति, २०६३ आदि लगायतका ऐननियमहरू कार्यान्वयनमा रहेका छन् ।

### ३.१.१. नीतिहरू

नेपाल सरकारको राष्ट्रिय कार्य-योजना २०६७/०६८-०६९/०७० मा समेत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्ने विभिन्न कार्यक्रमहरू समावेश गरिएको पाइन्छ । सो योजनामा संविधान प्रदत्त मौलिक हक तथा नेपाल पक्ष भएका विभिन्न अन्तर्राष्ट्रिय दस्तावेजहरूमार्फत व्यक्त प्रतिबद्धतालाई प्रचलित कानुनी प्रावधानहरूमा परिमार्जन एवम् आवश्यकतानुसार नयाँ कानुन निर्माण गरी कार्यान्वयन गरिने कुरा उल्लेख गरिएको छ । सबै किसिमका विभेद, छुवाछुत, शोषण, हिंसा र दुर्व्यवहारको अन्त्य गरी सबै नागरिकहरूको राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको संरक्षण र सम्वर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरिने उल्लेख गरिएको छ । शिक्षा, स्वास्थ्य, खाद्य, रोजगार, सामाजिक सुरक्षा जस्ता कार्यक्रमहरूको लागि स्रोत परिचालन गरी नागरिकहरूको आर्थिक सामाजिक अधिकारलाई सुनिश्चित गर्ने प्रतिवद्धता उक्त योजनामा गरिएको पाइन्छ । नेपाल सरकारको तीन वर्षे मानवअधिकार कार्ययोजनामा समेत उल्लिखित विषयहरूलाई प्राथमिकताको साथ समावेश गरिएको छ ।

सहस्राब्दी विकासका आठवटा लक्ष्यहरू सन् २०१५ भित्र पूरा गर्न नेपालसहित संयुक्त राष्ट्रसङ्घका १९३ सदस्य राष्ट्रहरू र २३ वटा अन्तर्राष्ट्रिय सङ्गठनहरूले प्रतिवद्धता जाहेर गरेका छन् । सहस्राब्दी विकासका देहायबमोजिमका विषयहरू आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारसँग सम्बन्धित छन्ः

- उच्चगरिबी र भोकमरीको अन्त्य,
- सबैका लागि प्राथमिक शिक्षा,
- लैङ्गिक समानता र महिला सशक्तिकरण,
- बालमृत्यूदर घटाउने,
- मातृस्वास्थ्यमा सुधार ल्याउँने,
- एचआईभी मलेरिया लगायतका सरुवा रोगहरूको नियन्त्रण,

- दीगो वातावरणीय विकास र
- विकासको लागि अन्तर्राष्ट्रिय सहकार्यको विकास ।
- सहश्राब्दी विकास लक्ष्यमा नेपाल पनि पक्ष भएकाले यसको कार्यान्वयन गर्नु नेपाल सरकारको कर्तव्य हो ।

## ३.२. अन्तर्राष्ट्रिय कानुनहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि १९६६ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी मूल दस्तावेज हो । उक्त महासन्धिलाई नेपालले ४ मे १९९१ मा अनुमोदन गरेको थियो । उपरोक्त दस्तावेजमा उल्लेख गरिएका अधिकारहरूलाई सङ्क्षेपमा निम्न रूपमा उल्लेख गर्न सकिन्छः

- समानताको र भेदभावविरुद्धको अधिकार,
- रोजगारीको अधिकार,
- सङ्गठन तथा ट्रेड यूनियनसम्बन्धी अधिकार,
- सामाजिक सुरक्षाको अधिकार,
- परिवारको संरक्षणको अधिकार,
- आर्थिक सामाजिक शोषणबाट सुरक्षा पाउने अधिकार,
- खाना, कपडा तथा आवासको अधिकार,
- स्थास्थ्यसम्बन्धी अधिकार,
- शिक्षाको अधिकार,
- सांस्कृतिक जीवनमा सहभागी हुन पाउने अधिकार र
- अन्य ।

यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षण र सम्वर्द्धनका लागि मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ अर्को महत्त्वपूर्ण दस्तावेज हो । घोषणापत्रको धारा १६ देखि ३० सम्म यस्ता अधिकारहरूको बारेमा उल्लेख गरिएको छ । संयुक्त राष्ट्रसङ्घबाट प्रतिपादित विभिन्न सिद्धान्तहरूसमेत उल्लिखित अधिकारहरूको संरक्षण र सम्वर्द्धनका लागि महत्त्वपूर्ण दस्तावेजका रूपमा रहेका छन् । संयुक्त राष्ट्र संघीय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी सन्धीको स्वेच्छिक आलेखको

नेपाल हालसम्म पक्ष राष्ट्र भएको छैन । जसले अधिकार आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी समितिमा सोझै उजुरी गर्न पाउने अधिकारवाट पनि आम नेपाली बञ्चित भएको अवस्था छ ।

## ४. आयोगको भूमिका

नेपालको अन्तरिम संविधान, २०६३ ले आयोगलाई मानव अधिकारको संरक्षण, सम्वर्द्धन र प्रभावकारी कार्यान्वयन गर्नका निमित्त गहन जिम्मेवारी दिएको छ । संविधानको धारा ३२ अन्तर्गत राष्ट्रिय मानव अधिकार आयोगको काम, कर्तव्य र अधिकारका सम्बन्धमा उल्लेख गर्दै मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु राष्ट्रिय मानव अधिकार आयोगको कर्तव्य हुनेछ भनी उल्लेख भएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको कार्यान्वयनका लागि नेपाल सरकारलाई अभिसन्धिमा उल्लिखित प्रावधानहरूको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सुझाव, परामर्श दिने, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विषयक अभिसन्धिमा भएको व्यवस्थाबमोजिम नेपालले पठाउनुपर्ने प्रतिवेदनका सम्बन्धमा नेपाल सरकारलाई सुझाव तथा राय दिने दायित्व तथा जिम्मेवारी आयोगको हो । यस्ता कार्यहरूको लागि आयोगले नागरिक समाज, विभिन्न गैससहरू, नेपाल सरकार र विदेशी सङ्घसंस्थाहरूसँग समेत सहकार्य, छलफल, परामर्श गरी आफ्नो सुझाव, परामर्श उपलव्ध गराउँदै आएको छ । आयोगलाई संविधान तथा ऐन प्रदत्त काम तथा कर्तव्य पूरा गर्नका लागि आयोगले गर्नुपर्ने काम तथा अधिकारको सम्बन्धमा देहायका बुँदाहरूमा सङ्क्षिप्त रूपमा उल्लेख गरिएको छ :

१. आयोगले मानव अधिकारको उल्लङ्घनका सम्बन्धमा गरेको सिफारिस, आदेश वा निर्देशनको जानी-जानी पालना वा कार्यान्वयन नगर्ने पदाधिकारी, व्यक्ति वा निकायको नाम मानव अधिकार उल्लङ्घनकर्ताको रूपमा सार्वजनिक गर्ने,

२. मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिअन्तर्गत कुनै निकायमा प्रतिवेदन पठाउनुपर्ने दायित्व भएको विषयमा नेपाल सरकारले प्रतिवेदन पठाउनुअघि रायको लागि आयोगसमक्ष लेखी पठाउने,

३. आयोगले मानव अधिकारको संरक्षण र सम्वर्द्धनसँग सम्बन्धित कुनै विषयमा आवश्यकताअनुसार कुनै निकाय वा पदाधिकारीको ध्यानाकर्षण गराउने,

४. मानव अधिकारको संरक्षण, सम्वर्द्धन तथा कार्यान्वयनका सम्बन्धमा अध्ययन तथा अनुसन्धान गर्ने,

५. मानव अधिकारको संरक्षण, सम्वर्द्धनका लागि आवश्यक र उचित ठानेका अन्य कार्य गर्ने वा गराउने,

६. आयोगमा प्राप्त उजुरी वा जानकारी वा आयोगले आफ्नै स्वविवेकमा छानबिन तथा अनुसन्धान गरेको विषय तथ्यहीन लागेमा वा सो विषय आयोगको क्षेत्राधिकारभित्र पर्ने नदेखिएमा आयोगले सोको कारण खुलाई त्यस्तो उजुरी, जानकारी वा विषय जुनसुकै समयमा खारेज गर्न वा तामेलीमा राख्न सक्ने,

७. अन्तर्राष्ट्रिय कानुनबमोजिम मानव अधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घन मानिने विषय वा प्रचलित कानुनबमोजिम मिलापत्र हुन नसक्ने विषयमा बाहेक आयोगमा विचाराधीन रहेको कुनै उजुरीका सम्बन्धमा सम्बन्धित पक्षहरूले मेलमिलाप गराइ पाउन संयुक्त निवेदन दिएमा आयोगले तोकिएबमोजिम मेलमिलाप गराइदिन सक्ने ।

यसप्रकार आयोगको संविधान तथा ऐन प्रदत्त कामकर्तव्यको समग्र रूपमा विश्लेषण गर्दा आयोगलाई मानव अधिकार संरक्षणात्मक, सम्वर्द्धनात्मक कार्य एवम् वकालत गरी ३ वटा प्रमुख जिम्मेवारीहरू प्रदान गरिएको पाइन्छ ।

## ५. आयोगका गतिविधिहरू

राष्ट्रिय मानव अधिकार आयोगले साविकमा मानव अधिकार आयोग ऐन, २०५३, वर्तमान नेपालको अन्तरिम संविधान, २०६३ र राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८ बमोजिम मानव अधिकार संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आफ्ना गतिविधिहरू सञ्चालन गर्दै आएको छ। मानव अधिकार संरक्षण सम्वर्द्धन र प्रभावकारी कार्यान्वयनमा आयोगको निरन्तर गतिविधिहरू एवम् पेरिस सिद्धान्तअनुरूप आयोगले प्राप्त गरेको स्वतन्त्र संस्थाको हैसियतले आयोग स्थापनाको ८ महिनाभित्रै राष्ट्रिय मानव अधिकार संस्थाहरू (National Human Rights Instituions) को अन्तर्राष्ट्रिय समन्वय समिति (International Co-ordination Commitee-ICC) बाट आयोगलाई A स्तरको हैसियत प्राप्त हुनुका साथै हालसम्म पनि A स्तरमै कायम रहन सफल भएको छ । आयोगका गतिविधिहरू निम्नलिखित विषयमा केन्द्रित हुन्छन्:

## ५.१. अनुसन्धान

आयोगबाट स्वास्थ्यको अधिकारको सम्बन्धमा अस्पतालहरू, जाजरकोट लगायतका जिल्लाहरूमा महामारीको रूपमा फैलिएको झाडापखालाको कारक तत्व दुषित खाद्यान्न पनि रहेको सम्बन्धमा अनुसन्धानपश्चात् नेपाल सरकारलाई सिफारिस गरी सोको प्रतिवेदन पत्रकार सम्मेलन तथा प्रकाशनको माध्यमबाट सार्वजनिक गरिएको थियो ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धित रोजगारीमा पारिश्रमिक नपाएको, रोजगारको संरक्षण, रोजगारमा धम्की, सम्पत्ति कब्जा र स्वतन्त्ररूपामा सम्पत्ति उपभोग गर्न नपाएको, विस्थापित, विस्थापित तथा सम्पत्ति कब्जा भएपश्चात् सोको क्षतिपूर्ति नपाएको, कारागारमा स्वास्थ्यउपचार नपाएको, शिक्षाको अधिकारबाट वञ्चित भएको विषयमा आयोगमा उजुरी परेका छन् ।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी केही उजुरीहरूमा आयोगले अनुसन्धान गरेको छ । राजेन्द्र महर्जन र सुपारी मिजारको बसोवासको अधिकारसँग सम्बन्धीत उजुरी, माओवादी द्वन्द्वको बेला विस्थापित भई बसेका तथा बाँकेको रझेनामा बसेको उजुरी उपरको अनुसन्धान र नेपाल सरकारलाई अनुरोध, अत्यधिक अश्रुग्याँसको कारणबाट विद्यालयमा पढ्ने बालबालिका पनि प्रभावित भएको भन्ने सम्बन्धमा शिक्षक तथा विद्यार्थिको स्वास्थ्य र शिक्षाको अधिकारको सम्बन्धमा अनुसन्धान गरिएको, कर्णालीको खाद्यान्न सङ्कट तथा भोकमरी लगायतका केही मुख्य उजुरीहरूका सम्बन्धमा तत्काल अनुसन्धान गरिएको छ भने केही उजुरीहरुमा निर्णय गरी नेपाल सरकारलाई सिफारिस गरिएको छ ।

आयोगबाट माननीय सदस्यसहितको टोलीले बाँके, बर्दिया र कैलाली जिल्लाका मुक्त कमैयाहरूको मानव अधिकारको स्थिति अध्ययन गरी पहिचान गरिएका मुक्तकमैयाहरूको चाँडो पुनःस्थापना गराइनुपर्ने, निजहरूलाई उपलब्ध गराइएका भौतिक पूर्वाधारहरू, जस्तै–धारा, सिंचाई, पम्प, घर बनाउन काठ, जस्तापाता आदि सबै मुक्त कमैयाहरूले समान र सहज रूपमा उपलव्ध गराउनुपर्ने सुझावहरू प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई पठाइएको छ ।

सिरहा र सप्तरीका हरुवाचरुवाले बाँच्नको लागि जमिन्दारको घरमा सस्तो ज्यालामा काम गर्दै आएको, खेती गर्नको लागि आफ्नो जग्गा नभएको, रात

बिताउने झुप्राहरू ऐलानी जग्गामा परेको, कुनै जमिन्दारको जग्गामा रहेको, बालबालिकाहरूलाई शिक्षा दिलाउन नसकेको साथै बिरामी हुँदा स्वास्थ्य उपचार समेत नभएको भनी विभिन्न मागहरूका साथ हरूवाचरुवाको अवस्थाबाट मुक्त गरी मानव अधिकारको संरक्षणका लागि प्राप्त भएको उजुरीका सम्बन्धमा आयोगले प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा आवश्यक कारबाहीको लागि निर्देशन गरेको थियो ।

सङ्घीय लिम्बुवान राज्यपरिषद्ले संविधान निर्माण पक्रियामा सहभागी भई संविधान बनाउन पाउने अधिकार संरक्षणका सम्बन्धमा २०६४ चैत्र ६ मा गरिएको सम्झौताको कार्यान्वयनको लागि पहल गरी पाउँ भनी आयोगमा प्राप्त निवेदन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा पठाइएकोमा सो कार्यालयले सङ्घीय मामिला, संविधानसभा, संसदीय व्यवस्था तथा संस्कृति मन्त्रालयमा निवेदनउपर कारबाही गर्न पठाएको छ ।

मिति २०६८ असार २६ गते राष्ट्रिय मानव अधिकार आयोगमा मुक्त कमलरीहरूले कमलरीहरूको पुनर्स्थापनाका सम्बन्धमा विभिन्न समस्याहरू रहेको हुँदा मुक्त कमलरीहरू हालसम्म पनि व्यवस्थित रूपमा पुनस्थापन हुन नसकेको साथै विद्यालयमा पठनपाठन, छात्रवास लगायतका विषयहरूमा कठिनाइहरू रहेको भन्ने जानकारी प्राप्त हुन आएको, मुक्त कमलरीहरूको तर्फबाट विभिन्न मागहरूसहित मानव अधिकारको संरक्षणको लागि सम्वन्धित निकायमा पहलका लागि आएको ज्ञापनपत्रमा आवश्यक कार्यका लागि २०६८ श्रावण ६ गते प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र अर्थ मन्त्रालमा पत्राचार गरिएकोमा प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयले महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयमा आवश्यक कारबाहीका लागि पठाएको छ । महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालयले मुक्त कमलरीहरूको पुनस्थापनाको सम्बन्धामा ज्ञापनपत्रको बुँदा नं १० लाई सम्बोधन गर्ने गरी महिला तथा बालबालिका विभागबाट आ.ब. २०६८/६९ मा कञ्चनपुर, कैलाली, बाँके, दाङ, बर्दिया र सुर्खेतमा सो सम्बन्धी कार्यक्रम संचालन गरिएको भन्ने जानकारीको आधारमा आयोगको क्षेत्रीय कार्यालय, नेपालगञ्जबाट अनुगमनसमेत गरिएको थियो ।

### ५.२. अनुगमन

राष्ट्रिय मानवअधिकार आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयको संयुक्त प्रयासमा ESCR Monitoring Users

Guideline तयार गरी लागू गरेको छ । कारागारमा शिक्षा, स्वास्थ्य र खाद्य अधिकार, विस्थापितहरूको अधिकार, विद्यालयलाई सशस्त्र द्वन्द्वको क्रममा प्रयोग गरिएको, सप्तरीको एक विद्यालयमा सशस्त्र प्रहरी बलको बेशक्याम्प बसेको भन्ने विषयमा अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गरिएकोमा ती सिफारिसहरू तत्काल कार्यान्वयन भएका थिए ।

नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएपछि उत्पन्न परिस्थितिप्रति आयोगको ध्यानाकर्षण भई मूल्यवृद्धिको विरोधमा उत्रिएका विद्यार्थी र उपभोक्ता समुदायलाई पनि संयमीत ढङ्गबाट आफ्ना शान्तिपूर्ण विरोधका कार्यक्रम अघि बढाउन र सम्वाद एवम् सहमतिको बातावरण सिर्जना गरी समस्याहरूको समाधान गर्न नेपाल सरकारलाई २०६८ माघ ९ मा अनुरोध गरिएको थियो ।

लामो समयदेखि काठमाडौँ उपत्यका लगायत देशका विभिन्न भागमा खाना पकाउने मट्टीतेल, ग्याँस लगायत पेट्रोलियम पदार्थको न्यून आपूर्तिको कारण देखाई बिक्रेताहरूबाट उपभोक्ताहरूलाई खाना पकाउने ग्याँस तथा मट्टीतेलजस्तो दैनिक जीवनयापनको लागि अत्यावश्यक पदार्थ सहज रूपमा उपलब्ध हुन नसकिरहेको साथै सम्बन्धित निकायबाट प्रभावकारी अनुगमन नहुँदा अनुचित व्यापारिक क्रियाकलापहरूसमेत भइरहेको भन्ने सम्बन्धमा आयोगको ध्यानाकर्षण भई उल्लिखित कार्यले उपभोक्ताको प्रतिष्पर्धात्मक मूल्यमा उपभोग्य वस्तु तथा सेवाको छनौट गर्न पाउने अधिकार लगायत उपभोक्ताको हकहित संरक्षणको अधिकार, अनुचित व्यापारिक क्रियाकलापबाट हुने शोषण तथा मर्काका विरुद्ध सुनवाइपछि क्षतिपूर्ति पाउने अधिकारसमेत कुण्ठित हुन जाने देखिँदा सो सम्बन्धमा आवश्यक अनुगमन र व्यवस्थित वितरणप्रणाली सुनिश्चित गर्न नेपाल सरकार समक्ष अनुरोध गरिएको थियो ।

यसका अतिरिक्त आयोगका क्षेत्रीय, उपक्षेत्रीय कार्यालयमार्फत दैलेख, जाजरकोट, रुकुम र कर्णाली अञ्चलका जिल्लाहरूमा सट्टा शिक्षक को समस्या, अव्यवस्थित हवाइसेवा प्रणाली, विस्थापितहरू घर फर्कन नसकेको, दुर्गम जिल्लाहरूमा खाद्य आपूर्तीको अवस्था, पाठ्यपुस्तक उपलब्ध हुन नसकेको अवस्था, माओवादीहरूको श्रमशिविर, कब्जा गरिएका सम्पत्ति फिर्ता गर्न, प्रशासनिक निकायहरूबीच प्रभावकारी समन्वय नहुँदा आर्थिक, सामाजिक अधिकारहरू कुण्ठित हुन पुगेको अवस्थाका सम्बन्धमा अनुगमन गरी पटकपटक प्रेस-विज्ञप्तिमार्फत सेवाग्रहीहरूप्रति मर्यादित र जवाफदेहीपूर्ण व्यवहार गर्न, जिल्ला र क्षेत्रीय प्रशासनिक कार्यालयहरूको ध्यान आकृष्ट गराउने कार्य गरेको छ ।

कर्णाली लगायतका दुर्गम जिल्लाहरूमा कायमै रहेको सामाजिक विभेद, सरकारद्वारा घोषणा गरिएको कर्णाली उज्यालो तथा एक परिवार एक रोजगार कार्यक्रमहरू लागू हुन नसकेको, दरबन्दी अनुसारको चिकित्सकहरू अस्पतालमा नहुँदा स्वास्थ्यको अधिकारबाट जनताहरू वञ्चित रहेको सम्बन्धमा ध्यानाकर्षण गराइएको थियो ।

जातीय वा राजनैतिक दङ्गा, बन्द, चक्काजाम, प्राकृतिक प्रकोप, आगजनी आदिको कारणबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारमा पर्न गएको समस्या सम्बन्धमा पनि अनुगमन गरी उपयुक्त समाधानको लागि अनुरोध गर्ने गरेको छ । औषधीको बाटो द्वन्द्वले नछेकोस् भन्दै आयोगले नेकपा माओवादीका अध्यक्ष प्रचण्डलाई सशस्त्र द्वन्द्वको समयमा २०६१ भदौमा प्रेसवक्तव्यमार्फत आव्हान गरेको थियो । कव्जा गरिएका सम्पत्ति फुकुवा गर्न, विस्थापितहरूलाई आफ्नो थाकथलोमा बस्ने वातावरण सिर्जना गर्न, जीवीकोपार्जनलाई सहज तुल्याउँन, उपभोक्ताको अधिकारको संरक्षण र सम्वर्द्धन गर्न, नागरिकको स्वास्थ्यसम्बन्धी अधिकारप्रति सचेष्ट रहन, हलिया प्रथा अन्त्य गर्न, सुरक्षाकर्मीहरूको उचित बसोबास, खाद्यान्नको प्रबन्ध मिलाउन, खाद्यान्नको अधिकार सुनिश्चित गर्न, यातायात सेवालाई भरपर्दो र सुनिश्चित गर्न, व्यक्तिको सम्पत्तिको भोगचलनमा बाधा नपुऱ्याउन, कमलरी प्रथाको उन्मूलन गर्न, भय रहीत वातावरणमा प्रवेशिका परीक्षा (SLC) लाई मर्यादित र शान्तिपूर्ण बनाउन, धार्मिक तथा सामाजिक सद्भाव कायम राख्न, सुकुम्वासी समस्यालाई सम्बोधन गर्न, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको सम्बन्धमा सरोकारवालाहरूको ध्यानाकर्षण र आवश्यकताअनुसार नेपाल सरकारलाई सिफारिससमेत गरेको छ ।

आयोगले कोशी ब्यारेजमा आएको बाढी र त्यसबाट प्रभावित विस्थापितको सम्बन्धमा मिति २०६५ भाद्र २ देखि २०६५ भाद्र ९ सम्म आयोगका माननीय सदस्य रामनगिना सिंहसहित आयोगका निर्देशक र अधिकृतहरूको अनुगमन एक अनुगमन टोलीले अनुगमन गरी सोको प्रतिवेदन सार्वजनिक गरेर नेपाल सरकारलाई विविध सिफारिसहरु गरेको थियो ।

बाँके जिल्लामा मिति २०६७ चैत १२ र १३ गते हात्तिपाईले रोग विरुद्ध वितरण गरिएको औषधि खाएपश्चात् केहि व्यक्तिको मृत्यु भएको तथा अधिकांश सर्वसाधारण बिरामी परेको भनिएको घटनाको अनुगमन गरेको छ ।

सन् २००९ मा नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको उपभोगलाई प्रभावकारी रूपमा अनुगमन गर्न राष्ट्रिय संस्थाहरू, सरकार, नागरिक समाजका प्रतिनिधिहरू तथा मानवअधिकार रक्षकहरूलाई सघाउ पुऱ्याउने उद्देश्य रहेको छ । यसअलावा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुगमनको लागि सूचकको पहिचान र विकास गर्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोग, राष्ट्रिय दलित आयोग,राष्ट्रिय महिला आयोग, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, सामुदायिक आत्मनिर्भर केन्द्र र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालयहरूको एक कार्य समूहको स्थापना गरिएको छ । जसले खाद्य, आवास, स्वास्थ्य,शिक्षा र कामको अधिकारका लागि सूचाङ्कहरूको पहिचान गर्ने निर्णय गरी नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको अनुगमनको लागि सुचाङ्कहरू प्रयोगकर्ता पुस्तिका प्रकाशन गरी सो सम्बन्धमा सरोकारवालाहरूसँग विभिन्न चरणमा आयोगका कार्यालयहरूबाट कार्यशाला गोष्ठी छलफल तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन भइरहेको छ ।

राष्ट्रिय मानव अधिकार आयोग, उप-क्षेत्रीय, जुम्ला र संयुक्त राष्ट्रसङ्घ, मानवअधिकार उच्चायुक्तको क्षेत्रीय कार्यालय, नेपालगञ्जद्वारा मिति २०६७ असोज १५ देखि १७ गतेसम्म संयुक्त रूपमा "सूचाङ्कको प्रयोगद्वारा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमन" गरिएको छ ।

आम नागरिकहरूले उपभोग गर्ने बस्तुहरूमा हुने गरेको मिसावट र त्यसबाट मानिसको स्वास्थ्यमा पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरले स्वास्थ्यसम्बन्धी अधिकार तथा जीवनको अधिकार नै गुम्न सक्ने खतरा रहेको अवस्था विद्यमान रहेको छ । विशेष गरी चाडपर्व र त्यस अघि र पछि पनि तेल दूध, पानी, मिठाइ, मासु, ग्याँस, औषधी, तरकारी, फलफूल, काजु, किसमिस र दालचामल लगायतका खाद्य एवम् उपभोग्य पदार्थहरूमा हुने गरेको मिसावट हुनुको साथै अगुणस्तरीय रहेको छ । नापतौलमा कमी हुने गरेको, उपभोग्य वस्तुहरूको खरीद तथा विक्री मूल्य पारदर्शी नहुने, आपूर्ति व्यवस्था व्यवस्थित हुन नसकेको तथा प्रभावकारी अनुगमन र नियमन समेत हुन नसकेको स्थिति छ । सरकारी निकायहरूमा साधनश्रोतको कमी र समन्वयको अभाव देखिएको छ । कानुनी व्यवस्थाहरू समयसापेक्ष हुन नसकेको लगायत विविध कारणहरूले आमनागरिक तथा उपभोक्ताहरूले सुरक्षित हुन पाउने अधिकार, क्षतिपूर्ति पाउने अधिकार, सूचित हुन पाउने अधिकार, छनौट गर्न पाउने अधिकारबाट उपभोक्ताहरू वञ्चित अवस्थामा रहेका छन् ।



यी र यस्ता विषयलाई समेटी उपभोक्ताको अधिकार संरक्षण तथा सम्वर्द्धन गर्ने सम्बन्धमा आयोगको समयसमयमा अनुगमन, अध्ययन, छलफल तथा अन्तरक्रिया गर्दै आएको छ। उपभोक्ताको मानव अधिकार संरक्षण तथा प्रवर्द्धनका लागि आवश्यक व्यवस्था गर्न, सरकारी निकायहरू, वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, वाणिज्य विभाग, खाद्यप्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यालय, नेपाल उद्योग वाणिज्य महासङ्घ तथा उपभोक्ता हित संरक्षण मञ्च, गैरसरकारी संस्थाहरू, अनुगमन टोली तथा सरोकारवालाहरूलाई सो कार्यमा सहयोग पुऱ्याउँन आयोग लागिपर्दै आएको छ। उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्गनिर्देशिका तयार गर्ने भनी राष्ट्रिय मानव अधिकार आयोगले निर्णय गरेको थियो। तत्पश्चात् उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्ग-निर्देशिका, २०६८ श्रावण १२ मा प्रकाशन गरेको छ।

उपभोग्य वस्तुहरूमा हुने गरेको मिसावटबाट मानिसको स्वास्थ्यमा पनि पर्न सक्ने तत्कालीन र दीर्घकालीन असरले स्वास्थ्यसम्बन्धी अधिकार र जीवनको अधिकार नै जोखिममा परिरहेको छ। खाद्यान्नको गुणस्तर सुनिश्चित गर्न

हाल भइरहेको प्रयास र प्रभावकारी अनुगमन प्रणालीको आवश्यकतालाई मध्यनजर गरी २०६७ साल कार्तिक १६ गते गुणस्तरीय उपभोग्य सामाग्री, जनस्वास्थ्य र उपभोक्ताको अधिकार विषयक छलफल कार्यक्रमम सम्पन्न भयो । उक्त कार्यक्रममा उद्योग मन्त्रालय, बाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, स्वास्थ्य मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, वाणिज्य विभाग, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग, स्वास्थ्य सेवा विभाग, नेपाल प्रहरी, मानव अधिकार सेल, उपभोक्ता हित संरक्षण मञ्च, नेपाल मेडिकल काउन्सिल, जिला प्रशासन कार्यालय, ललितपुर, काठमाडौं, नेपाल उद्योग वाणिज्य महासङ्घको सहभागित रहेको थियो ।

काठमाडौं उपत्यकामा सडक बिस्तार कार्य अघि बढिरहेको बेलामा आयोगमा प्राप्त निवेदनका विषयमा राष्ट्रिय मानव अधिकार आयोगले सरोकारवाला निकायहरू भौतिक योजना तथा निर्माण मन्त्रालय, काठमाडौं उपत्यका नगर विकास समिति लगायत काठमाडौं महानगरपालिकाका प्रतिनिधिहरूसँग परामर्श बैठक गरी सडक बिस्तार कार्य अघि बढाउँदा विद्यमान ऐन, कानुन र मानव अधिकारका आधारभूत मान्यताहरूलाई आत्मसात गर्न सरोकारवाला निकायहरूसंग आग्रह गरिएको थियो ।

सरकारले बाग्मती किनारका बस्ती हटाउन लागेको सन्दर्भमा राष्ट्रिय मानव अधिकार आयोगले २०६८ माघ १५ गते आयोगकै कार्यालयमा आयोगका अध्यक्ष, सदस्यसहित सरोकारवाला निकायहरू प्रहरी अतिरिक्त महानिरीक्षक नापी विभागका उपनिर्देशक लगातय काठमाडौं उपत्यका नगर विकास समिति, शहरी विकास तथा भवन निर्माण विभाग एवम् काठमाडौं महानगरपालिकाका अधिकारीहरूसँग परामर्श बैठक गरेको थियो ।

### खाद्य सङ्कट सम्बन्धमा जुम्ला मुगु, कालीकोट, बझाङ, बाजुरा लगायतका जिल्लामा गरिएको अनुगमनमा प्राप्त जानकारीहरू

- अनुगमन गरिएका जिल्लाहरूमा द्वन्द्वका क्रममा हटाइएका खाद्य डिपोहरू पुनर्स्थापन नगरिएको, खाद्यसङ्कट हुने गाविसहरू सदरमुकामबाट कम्तीमा ५-६ घण्टाको पैदल दुरीमा रहेको तर खाद्य डिपो सदरमुकाममा मात्र सीमित रहेको अवस्था छ । अल्पकालीन र दीर्घकालीन कृषि कार्यक्रमहरू लागू हुन सकेको छैन । खाद्यान्न उपलब्ध भएर मात्र नहुने आर्थिक रूपमा

पनि पहुँच योग्य हुनुपर्ने देखिन्छ ।

- स्थानीय उत्पादनको उपभोग गर्ने प्रवृत्ति कम हुँदै गएको र स्थानीय अन्नका जातहरू पनि लोप हुने अवस्था रहेको छ ।
- रोजगारका सम्भावना नभएको र युवाहरू विदेशिने परिपाटीले अवस्थाले खेतीपाति वृद्धा, महिला र बालबालिकाले सम्हाल्नुपरेको छ ।
- उच्च पहाडी क्षेत्रमा हुने कृषिका लागि सरकारी तवरबाट कुनै कार्यक्रम हुन सकेको छैन ।
- बझाङमा अनुगमनको क्रममा सदरमुकाममा व्यापारीहरूसमेतबाट खाद्यान्न आपूर्ति हुने गरेको छ । यसबाट खाद्य संस्थानमा रहेको चामलको बिक्री न्यून अवस्थामा रहेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको चामल २३०० क्विण्टल मौज्दात रहेको र आर्थिक वर्ष ०६६/०६७ को समेत ४००० क्विण्टल चामल थप हुने अवस्थामा रहेकोले सदरमुकामको चामल कुहिने अवस्थामा रहे पनि खाद्यसङ्कट हुने गाविसहरूमा वितरणका लागि कुनै पहल नभएको अवस्था छ । ३ महिनासम्म खाना पुग्ने परिवार सङ्ख्या ३३.६९%, ६ महिनासम्म खान पुग्ने परिवार सङ्ख्या ४१.३२ %, ९ महिनासम्म खान पुग्ने परिवार सङ्ख्या १४.७१%, १२ महिनासम्म खान पुग्ने परिवार सङ्ख्या ६.२८%, भूमिहीन परिवार सङ्ख्या ४% रहेको देखिन्छ ।
- खाद्य अधिकारको दीर्घकालीन संरक्षणका लागि सरकारी तवरबाट कुनै कार्यक्रम लागू हुन सकेको छैन ।
- संयुक्त राष्ट्रसङ्घीय विश्व खाद्य कार्यक्रमअन्तरगत चामलको वितरण भइरहेको, राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनले कृषकहरूलाई निःशुल्क बीउबिजन वितरण गरेको र यसबाट खाद्य सुरक्षाका लागि आवश्यक टेवा पुग्ने अवस्था रहेको देखिन्छ ।
- अनुगमन गरिएका जिल्लाहरूमा खाद्य उपलव्धता भएको स्थानमा पनि खाना पोषणयुक्त नभएको अवस्था छ ।
- पोषणयुक्त नभएको खाद्यान्नको प्रयोगले विशेष गरी बालबालिकाहरू कुपोषणको सिकार हुने गरेको, ७५ जिल्लाहरूमध्ये मानवसुचङ्काकमा बझाङ जिल्ला ७३ औं मा रहेको र जिल्लाका २० प्रतिशत बालबालिकाहरू

कुपोषणको सिकार हुन पुगेका छन् । बझाङमा प्रतिवर्ष १० हजार मे.ट. खाद्यान्नको आवश्यकता पर्ने देखिन्छ । जिल्लाको भूबनोट अनुसार २०% जमिनमात्र खेतीयोग्य रहेको जसमध्ये १३% भूभागमा मात्र सिचाइँको व्यवस्था भएको, जिल्लाका ३० गाविस खाद्यान्न असुरक्षाको जोखिममा रहेको देखिन्छ ।

- वर्षात र पहिरोको कारण कर्णाली लोकमार्गमा यातायात अवरुद्ध हुँदा कालीकोट, जुम्ला, मुगु लगायतका विकट जिल्लाहरूमा दैनिक उपभोग्य सामाग्रीहरूको अभाव, अत्याधिक मूल्य वृद्धि हुनुको साथै ती जिल्लामा बसोबास गर्ने मानिसहरूको आवतजावतको अधिकारमा समेत बाधा पुगेको अवस्था छ ।

## ५.३. सम्वर्द्धन तथा वकालत सम्बन्धी कार्यहरू

वि.सं. २०६१ चैतमा राष्ट्रिय मानव अधिकार आयोगमा विद्यालयस्तरीय पाठ्यसामाग्रीहरूमा मानव अधिकार शिक्षा समावेश गर्नको लागि पहल गर्ने उद्देश्यले शिक्षा क्षेत्रमा कार्यरत सरकारी निकायका प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रमुख तथा प्रतिनिधिहरू, युनिसेफ तथा सेभ द चिल्ड्रेन नेपालका प्रतिनिधिहरूको सहभागीतामा एक छलफल कार्यक्रम सम्पन्न गरियो ।

राष्ट्रिय मानव अधिकार आयोग र क्यानेडियन ह्युमन राइट्स फाउन्डेसनको आयोजनामा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यले तालिम कार्यक्रमको आयोजना गरिएको थियो । उक्त कार्यक्रममा आयोग, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू र सरकारी निकायका नीतिनिर्माण तहमा कार्यरत प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

राष्ट्रिय मानव अधिकार आयोग र क्यानेडियन ह्युमन राइट्स फाउन्डेसनको आयोजनामा प्रतिवेदन लेखनसम्बन्धी तालिम सञ्चालन गरेको थियो । जसमा नेपाल सरकारका विभिन्न मन्त्रालयका कर्मचारीहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायत मानव अधिकार आयोगका कर्मचारीहरूको सहभागीता रहेको थियो ।

२०६५ साउनमा पश्चिम नेपालका पहाडी जिल्लामा देखिएको खाद्यान्न सङ्कटको समाधानको लागि आयोगमा एक दिने छलफल कार्यक्रम सम्पन्न

गरिएको थियो । सो छलफलमा सरकारी निकायका प्रमुखहरूको उपस्थिति रहेको थियो ।

सन २००८ को सेप्टेम्बर मा आयोगको क्षेत्रीय कार्यालय, पोखरा र विराटनगरका ५ जना र सन् २००९ मार्चमा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालय (OHCHR) को आयोजनामा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका बारेमा बिस्तृत जानकारी गराउने उद्देश्यले १४ जनालाई तालिम प्रदान गरिएको थियो ।

२०६६ माघमा उपक्षेत्रीय कार्यालय बुटवलले विद्यालयमा बालसुलभ वातावरण सुनिश्चित गर्नुपर्छ भन्ने सन्देश प्रवाह गर्ने उद्देश्यले एक दिने अन्तर्क्रिया कार्यक्रम आयोजना गरेको थियो । कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक, विद्यार्थी र बालक्लबका प्रतिनिधिहरूको उपस्थिति रहेको थियो ।

२०६७ चैतमा बाँके जिल्लामा कमलरीहरूको अवस्थाको जानकारी लिने उद्देश्यले छलफल कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा एफएन ी र संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालयबाट सहभागीता रहेको थियो ।

२०६८ जेठमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार र खाद्य अधिकारमा पहुँचसम्बन्धमा विविध पक्षमा जानकारी गराउने उद्देश्यले आयोग र फियान नेपालले तालिम प्रदान गरेको थियो ।

२०६७ असोजमा मुगु, कालिकोट, जुम्ला गरी तीन जिल्लाका मानव अधिकार रक्षकहरू, सरकारी अधिकारीहरू गरी २४ जना लाई सूचकांकको प्रयोगबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार अनुगमनको लागि जानकारी दिलाउने उद्देश्यले गोष्ठी कार्यक्रम सम्पन्न गरिएको थियो ।

सन २००६ को मार्चमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी एसिया प्रशान्त क्षेत्रको सम्मेलनमा आयोगको आर्थिक, सामाजिक तथा सांस्कृतीक अधिकारसम्बन्धी सम्पर्क अधिकृतबाट सहभागिता जनाई नेपालको सन्दर्भमा कार्यपत्र प्रस्तुत भएको थियो ।

नर्वेजियन शरणार्थी परिषद्को सहयोगमा आन्तरिक विस्थापनको सम्बन्धमा नेपाल सरकार, दातृ-निकायका प्रतिनिधि लगायत आयोगका कर्मचारीहरूबीच

अन्तरक्रियात्मक छलफल कार्यक्रम सञ्चालन भएको थियो। दीर्घकालीन शान्ति स्थापनाको लागि आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको परिपूर्ति अपरिहार्य हुन्छ भन्ने सम्बन्धमा आयोगले जोड दिँदै आएको छ।

## ५.४. विधि विषय तथा परामर्श

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिअर्न्तगत दोस्रो आवधिक प्रतिवेदनको सम्बन्धमा आयोगबाट नेपाल सरकारलाई रायसुझाव उपलब्ध गराइएको थियो। त्यसै गरी तेस्रो आवधिक प्रतिवेदनको सम्बन्धमा २०६८ मार्ग ११ मा आयोगको प्रतिवेदन पठाइएको थियो। ILO Convention 169 को पहिलो आवधिक प्रतिवेदनमाथि आयोगको २०६७ फागुनको निर्णयबमोजिम नेपाल सरकारलाई रायसुझाव पठाइएको थियो। उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्ग निर्देशिका, २०६८ तयार गरी प्रकाशन एवम् वितरण गरिएको थियो।

वैदेशिक रोजगार ऐन, २०६४ उपर गरिएको पुनरावलोकन प्रतिवेदनका आधारमा नेपाल सरकार समक्ष आवश्यक सिफारिस गरिएको छ। यस्तै गैरसरकारी सङ्घसंस्थासँग सम्बन्धित ऐनहरूउपर गरिएको पुनरावलोकन प्रतिवेदनका आधारमा नेपाल सरकारसमक्ष पेश गर्नुपर्ने सिफारिस तयार गरी पठाइएको छ।

## ५.५. उजुरी र सिफारिसहरूको अवस्था

वि.सं. २०५७ मा आयोग स्थापना भएपश्चात् नै आर्थिक सामाजिक अधिकारहरूको उल्लङ्घन भएको भनी आयोगमा उजुरी पर्ने क्रम सुरु भएको थियो। ललितपुर जिल्लाकी सुपारी मिजारको आवासको अधिकार उल्लङ्घन भएको विषयमा आयोगले अनुसन्धान गरी बसोबासको व्यवस्था मिलाउन २०५९ सालमा नेपाल सरकारलाई गरेको सिफारिस नै आर्थिक सामाजिक अधिकारको विषयमा आयोगबाट भएको पहिलो सिफारिस थियो। आयोगका ९ वटै कार्यालयहरूमा २०६८ चैत मसान्तसम्ममा जम्मा ५,३३५ ओटा उजुरीहरू अनुसन्धानको क्रममा रहेकोमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धमा १,०३५ ओटा उजुरीहरू रहेका छन्। जुन् सङ्ख्या कुल उजुरीको करिब २० प्रतिशत हुन आउँछ। यसमध्ये ३१८ ओटा उजुरीहरू

आन्तरिक रूपले विस्थापन भएका व्यक्तिहरूसँग (Internallly Displacement persons) सँग सम्बन्धित रहेका छन् ।

आयोगमा परेका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित उजुरीहरूमध्ये पारिश्रमिकमा भेदभाव भएको, सशस्त्र द्वन्द्वको समयमा सम्पत्ति कब्जा गरेको, नष्ट गरेको, सशस्त्र द्वन्द्वको क्रममा विस्थापित भएको, प्राकृतिक प्रकोपबाट विस्थापित भएका लगायतका उजुरीहरू समाविष्ट छन् । यसका अतिरिक्त उपभोक्ता अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी, सुकुम्वासी, सडक बिस्तार र बसोबासको अधिकारसँग सम्बन्धित उजुरीहरू पनि रहेका छन् ।

### ५.५.१.उजुरीहरूको अवस्था

क्षेत्रगत रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत २०६८ चैत मसान्तसम्म आयोगमा अनुसन्धानका क्रममा रहेका १०३५ उजुरीहरूको स्थिति देहायबमोजिम तालिकामा उल्लेख गरिएको छ :

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.सा.सां. अधिकार/ विस्थापित | ५६ | ३४ | २८ | ३५ | २४ | ५२ | १८ | ५८ | १३ | ३१८ |
| आ.सा.सां. अधिकार/ अन्य | १४५ | १८३ | ९१ | ६६ | १०१ | ६० | २७ | १९ | २५ | ७१७ |
| **जम्मा उजुरी** | **२०१** | **२१७** | **११९** | **१०१** | **१२५** | **११२** | **४५** | **७७** | **३८** | **१,०३५** |

### ५.५.२. सिफारिसहरूको अवस्था

जाजरकोट, रुकुम र दैलेख लगायत मध्यपश्चिमका दुर्गम जिल्लाहरूमा २०६६ सालमा फैलिएको झाडापखाला र हैजा रोगबाट ३९४ (१९२ जना बालबालिकासमेत) जनाको मृत्यु र ६४,००० भन्दा बढी व्यक्तिहरू उपचारपश्चात घर फर्केको विषयमा राष्ट्रिय मानव अधिकार आयोगले स्वविवेकमा उजुरी लिई छानबिन गर्नुको साथै स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सो को नियन्त्रण तथा प्रभावित व्यक्तिहरूको स्वास्थ्योपचार लागयतको लागि आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गेरको थियो । ती जिल्लाहरूमा वितरण भएको चामल अखाद्य भएको सम्बन्धमा समेत आयोगले अनुसन्धान गरी नेपाल सरकार, विश्व खाद्य कार्यक्रम (World

Food Programe), अख्तियार दुरुपयोग अनुसन्धान आयोगसमेतलाई आवश्यक कारबाहीको लागि सिफारिस गरेको थियो ।

आयोगबाट २०६८ साल पुस र माघ महिनामा लामो समयसम्म बजारमा ग्याँस, मट्टितेल, डिजेल र पेट्रोलको अभाव भएको र यसको बिक्रीवितरणमा समेत कृतिम अभाव सिर्जना भएको भनी नेपाल सरकारका मन्त्री, सचिवलगायत सरोकारवाला निकायहरूको गम्भीर ध्यानाकर्षण गराएको थियो ।

आयोगले सुकुम्बासीहरूको समस्या समाधानको लागि नेपाल सरकार लगायत सरोकारवाला निकायहरूसँग छलफल गरी सुकुम्बासीहरूको मानव अधिकार संरक्षणको लागि आवश्यक व्यवस्था गर्न आग्रह गरेको छ ।

यसैगरी विभिन्न समयमा विभिन्न पक्षहरूबाट भएका बन्दहड्तालबाट अत्यावश्यकीय सेवाको आपूर्तिमा परेको प्रभाव तथा यसले शिक्षा क्षेत्रमा परेको नकारात्मक प्रभावका सम्बन्धमा समेत अनुगमन गरी सरोकारवालाहरूको ध्यानाकर्षण गराउने कार्य गरिएको छ ।

आयोगद्वारा सामाजिक कुसंस्कार र मानव अधिकार विरोधीको रूपमा रहेका हलिया प्रथा, कम्लरी प्रथा उन्मूलनको लागि नेपाल सरकारलाई सिफारिस गरिएको तथा सिफारिसबमोजिम सरकारको निर्णयले यस्ता प्रथा अन्त्यको घोषणा गरेको । समग्रमा आर्थिक सामाजिक तथा सांस्कृतिक अधिकार विषयका केही महत्त्वपूर्ण उजुरीहरूमा निम्नबमोजिम सिफारिस गरेको छः

- मुक्त हलियाका समस्या र मागहरूको सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगले २०६५ भाद्र १९ मा हाल नेपालको सुदूर र मध्यपश्चिम क्षेत्र लगायत अन्य भागमा विद्यमान रहेको हलियाप्रथा मानव अधिकारको प्रचलित सिद्धान्त एवम् यससम्बन्धी कानुनहरूको प्रतिकुल देखिएकोले सर्वोच्च अदालको परमादेशको कार्यान्वयन गरी हलिया प्रथा उन्मूलनको साथै निजहरूको पुनर्स्थापनाको लागि आवश्यक नीतिनियम तर्जुमा गरी आधारभूत मानव अधिकारको संरक्षणको निमित्त आवश्यक व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गरिएको छ ।
- आयोगका सदस्य सहितको टोलीले मिति २०६० साउनमा बाँके, बर्दिया र कैलाली जिल्लाका मुक्तकमैयाहरूको मानव अधिकारको स्थिति, अध्ययन गरी मुक्तकमैयाहरूको पुनःस्थापना सम्बन्धमा पाइएका सत्यतथ्य

विवरणसहित कार्यान्वयनको लागि २०६० कार्तिक ११ गते प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सुझाव पठाइएको छ ।

- राष्ट्रिय भूमिअधिकार मञ्चले भूमिहीन सुकुम्वासी, मुक्तकमैया तथा हलियासम्बन्धी विभिन्न मागहरू राखी विरोध कार्यक्रम सञ्चालन गरेको सम्बन्धमा आयोगबाट अनुगमन गरी भूमिहीनहरूको अधिकार सुनिश्चित गर्न सिफारिस गरिएको छ ।
- २०६४ भदौमा मोहीत खाँको हत्यापश्चात् कपिलवस्तुमा भएको मधेशी र पहाडी दङ्गाको कारण विस्थापित भएका व्यक्तिहरूको सम्बन्धमा आयोगको सदस्य सहितको टोलीले अनुगमन गरी घटनाको निष्पक्ष छानबिन गरी दोषीउपर कारबाही एवम् पीडित एवम् विस्थापितहरूलाई क्षतिपूर्ति लगायतका सिफारिस गरेको छ ।

क्षेत्रगत रूपमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारअन्तर्गत २०६८ चैत मसान्तसम्म आयोगबाट भएका जम्मा ४२ ओटा सिफारिसहरूको उजुरीहरूको स्थिति देहायबमोजिम तालिकामा उल्लेख गरिएको छ :

| कार्यालय | खोटाङ | विराटनगर | जनकपुर | पोखरा | बुटवल | नेपालगञ्ज | जुम्ला | धनगढी | ललितपुर | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| आ.सा.सां. अधिकार/ विस्थापन | ० | १ | २० | ० | ० | ६ | ५ | ० | ० | ३२ |
| आ.सा.सां. अधिकार/ अन्य | २ | ० | ४ | ० | १ | १ | २ | ० | ० | १० |
| **जम्मा** | **२** | **१** | **२४** | **०** | **१** | **७** | **७** | **०** | **०** | **४२** |

**नोट** : तथ्याङ्कको अभिलेखन आयोगको मिति २०६५ कार्तिक १ गतेको निर्णयानुसारको क्षेत्राधिकारबमोजिम गरिएको छ ।

यस अवधिमा विस्थापनसँग सम्बन्धित ३२ ओटा र अन्य १० ओटा गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित ४२ ओटा उजुरीहरूको सम्बन्धमा आयोगले सिफारिस गरी कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष पेश गरेको छ ।

### ५.६.आयोगले प्रदान गर्ने सेवाहरू

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूका विषयमा आयोगले निम्नलिखित सेवाहरू उपलव्ध गराउँदै आएको छः

- उजुरी ग्रहण गर्ने,
- उजुरीउपर प्रारम्भिक कारबाही गर्ने,
- अनुगमन गर्ने,
- अनुसन्धान गर्ने,
- उजुरी सम्बद्ध सूचनाहरू उपलब्ध गराउने,
- उजुरीउपर सिफारिस गर्ने,
- सम्वर्द्धनात्मक गतिविधिहरू सञ्चालन गर्ने,
- सरोकारवाला निकायहरूसँग सहकार्य गर्ने,
- यस विषयसँग सम्बन्धित प्रतिवेदन प्रकाशन तथा वितरण गर्ने,
- सम्बन्धित अन्तर्राष्ट्रिय सन्धिमा निहित अधिकारहरूको वकालत गर्ने/गराउने,
- अनुगमन तथा अनुसन्धान प्रतिवेदन सार्वजनिक गर्ने र
- पीडित व्यक्तिलाई तत्काल राहत उपलब्ध नगराउँदा वा उद्दार नगर्दा निजलाई थप क्षति हुन सक्ने देखिएमा आयोगले त्यस्तो व्यक्तिलाई तत्कालै अन्तरिम राहत उपलब्ध गराउन वा उद्दार गर्न सम्बन्धित निकायलाई आदेश गर्ने ।

## ५.७.आयोगको प्रकाशन

आयोगद्वारा स्थापनाकालदेखि हालसम्म प्रकाशन भएका आर्थिक सामाजिक अधिकारहरू लगायत विविध विषयहरूसँग सम्बन्धित अनुगमन, अनुसन्धान, कानुनी परामर्श एवम् सम्वर्द्धनात्मक गतिविधिहरूसँग सम्बन्धित प्रकाशनहरू सरोकारवालाहरूलाई निःशुल्क रूपमा वितरण गर्ने गरिएको छ । आयोगद्वारा प्रकाशित केही प्रमुख प्रकाशनहरूको सूची देहायको तालिकामा उल्लेख भएबमोजिम रहेका छन् :

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| १ | राष्ट्रिय मानव अधिकार आयोग सम्बन्धी ब्रोसियर्स (नेपाली र अङ्ग्रेजी) | २०५७ |
| २ | मानव अधिकार स्रोत केन्द्र सम्बन्धी ब्रोसियर्स | २०६३ |
| ३ | राष्ट्रिय मानव अधिकार आयोग एकचिनारी | २०६२ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ४ | आन्तरिकरूपमा विस्थापितहरूको अधिकार सम्बन्धमा जानकारी | २०६३ |
| ५ | राष्ट्रिय मानव अधिकार आयोग, वार्षिक प्रतिवेदन, २०५८-२०६८ (नेपाली र अङ्ग्रेजी), | २०६८ |
| ६ | सङ्कटकाल र मानव अधिकार, अनुगमन प्रतिवेदन, २०५९ (नेपाली र अङ्ग्रेजी) | २०६० |
| ७ | नेपालमा मानव अधिकारको स्थिति: एक प्रतिवेदन, २०६० | २०६१ |
| ८ | नेपालमा मानव अधिकारको स्थिति: एक सारांश प्रतिवेदन, २०६० | २०६१ |
| ९ | Human Rights in Nepal : A Status Report 2003 | २०६१ |
| १० | द्वन्द्वको अवस्थामा मानव अधिकारका लागि श्री ५ को सरकार तथा नेकपा (माओवादी) समक्ष प्रस्तुत गरिएका सुझाव | २०६१ |
| ११ | सङ्कटकालमा मानव अधिकारको अवस्था, २०६२ | २०६३ |
| १२ | युद्धविरामको अवस्थामा मानव अधिकार अवस्थाको अनुगमन, २०६२ | २०६३ |
| १३ | ६ महिने युद्धविरामको अवधिमा मानव अधिकारको अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १४ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था सम्बन्धी प्रतिवेदन | २०६३ |
| १५ | शिक्षा हाम्रो अधिकारसम्बन्धी पोष्टर | २०६३ |
| १६ | शिक्षा, स्वास्थ्य र मनोरन्जन, हाम्रो अधिकार, पोष्टर | २०६३ |
| १७ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था | २०६४ |
| १८ | ESCR Monitoring Indicators, User's Guide (With OHCHR) | २०६८ |
| १९ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्ज, २०६४-२०६८, ५ वटा | २०६८ |
| २० | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, पोखरा, २०६४-२०६८, ५ वटा | २०६८ |
| २१ | गतिविधि पुस्तिका, राष्ट्रिय मानव अधिकार आयोग, क्षेत्रीय कार्यालय, धनगढी, २०६४-२०६६, ३ वटा | २०६६ |
| २२ | राष्ट्रिय मानव अधिकार आयोगका सिफारिस कार्यान्वायनको अवस्था | २०६५ |
| २३ | Strategic Plan 2008-2010 | २०६५ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| २४ | मानव अधिकारको दृष्टिमा संविधानसभा निर्वाचन | २०६५ |
| २५ | शान्तिसम्झौताको अवधिमा मानव अधिकार अवस्था-आठ महिना | २०६५ |
| २६ | आन्तरिक विस्थापन सम्बन्धी जानकारी | २०६५ |
| २७ | आन्तरिक विस्थापन र विस्थापितको अधिकार रक्षार्थ भएका प्रयासहरू एक प्रतिवेदन | २०६५ |
| २८ | आन्तरिक विस्थापन, जातीय विभेद तथा आयोगको चिनारी सम्बन्धी डकुमेन्ट्री, ३ वटा | २०६६ |
| २९ | Rapid Assessment of Conflict induced Internally Displaced Persons (IDP's) for their Return, Resettlement and Reintegration | २०६६ |
| ३० | बिस्तृत शान्तिसम्झौताको पहिलो, दोश्रो, तेस्रो र चौथो वर्षको अनुगमन प्रतिवेदन, (नेपाली र अङ्ग्रेजी) | २०६४-२०६७ |
| ३१ | जाजरकोट लगायत मध्य तथा सुदुर पश्चिमका जिल्लाहरूमा झाडापखाला र हैजाबाट भएको सर्वसाधारणको मृत्यु तथा खाद्य पदार्थको वितरण सम्बन्धमा गरिएको अनुगमन/अनुसन्धान प्रतिवेदन | २०६६ |
| ३२ | A Research on Gender Vulnerability to Trafficking in the Context of Discrimination & Denial of Economic, Social & Cultural Rights in Mid & Far Western Region of Nepal, 2009 | २०६६ |
| ३३ | आयोगको एक, दशक महत्त्वपूर्ण प्रेस विज्ञप्तिहरू, २०५७-२०६७ | २०६७ |
| ३४ | आायोगको एक दशक, उजुरीउपर आयोगका सिफारिसहरू, २०५७-२०६७ | २०६७ |
| ३५ | The report of NHRIS Nepal on the UPR process | २०६७ |
| ३६ | A Users Guide (नेपालमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरुको अनुगमनको लागि सूचाङ्कहरू) | २०६८ |
| ३७ | NHRC recommendations upon complaints in a decade(2000-2010) | २०६८ |
| ३८ | जेष्ठ नागरिकमाथि भएका दुर्व्यवहारसम्बन्धी प्रकाशित समाचारहरूको अध्ययन प्रतिवेदन | २०६८ |
| ३९ | उपभोक्ताको मानव अधिकार संरक्षण तथा सम्वर्द्धनका लागि अनुगमन मार्ग-निर्देशिका | २०६८ |

| क्र.सं. | प्रकाशनहरू | साल |
|---|---|---|
| ४० | मानव अधिकारमूखी विकास पद्धती सम्बन्धी तालिम पुस्तिका | २०६८ |
| ४१ | आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ४२ | आप्रवासी कामदारहरूको अधिकारसम्बन्धी परिचयात्मक पुस्तिका | २०६९ |
| ४३ | मानव अधिकार आयोग ऐन, २०५३ तथा राष्ट्रिय मानव अधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ | २०६३ |
| ४४ | आन्तरिक विस्थापन सम्बन्धी निर्देशक सिद्धान्तहरू | २०५९ |
| ४५ | मानव अधिकार प्रश्न-उत्तर सँगालो | २०६१ |
| ४६ | आयोगका पाँच वर्ष, २०५७-२०६२ | २०६२ |
| ४७ | राष्ट्रिय मानव अधिकार आयोगक चारि वर्षक उपलब्धी (मैथिलीमा) | २०६१ |
| ४८ | मलाई पढ्न देउ, श्रमको भारी नबोकाउ, पोष्टर | २०६३ |
| ४९ | मानव अधिकारको विश्वव्यापी समीक्षा सम्बन्धी ब्रोसियर्स | २०६८ |
| ५० | मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा सम्बन्धी प्रतिवेदन | २०६८ |

## ६. आयोगको सहकार्य

मानव अधिकारको संरक्षण, सम्वर्द्धन र पालनाको निम्ति आयोगको एकल प्रयास सम्भव हुँदैन । यस तथ्यलाई मनन गरी आयोगले राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा कार्यरत विभिन्न मानव अधिकारसँग सम्बन्धित सङ्घसंस्थाहरू, कुटनीतिक नियोग, संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायहरू, नागरिक समाजसँग समेत अर्थ र औचित्यपूर्ण सहकार्य सञ्चालन गर्दै आइरहेको छ । उक्त विभिन्न निकाय, सङ्घसंस्था, नियोगहरू सँगको सहकार्यलाई आयोगले उच्च-प्राथमिकता दिँदै आएको छ ।

राष्ट्रियस्तरमा आयोगले नेपाल सरकार तथा मातहतका निकायहरू, सुरक्षा निकायहरू, विभिन्न राजनैतिक दलहरू, संसद्, न्यायिक निकायहरू र नागरिक समाज एवम् मानव अधिकार सम्बद्ध सङ्घसंस्थाहरूसँग छलफल, अन्तर्क्रिया गर्दै आइरहेको छ । आयोगको सहकार्यलाई सारांशमा देहायका बुँदाहरूमा चर्चा गरिएको छः

## ६.१. नेपाल सरकार

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धमा आयोग र नेपाल सरकारबीच विभिन्न छलफल, विचार आदानप्रदान, पत्राचार, सहकार्य, छलफल हुँदै आएको छ । आयोगमा परेका उजुरीउपर अनुसन्धानपश्चात् गरिएको सिफारिस तथा नीतिगत सिफारिसहरू कार्यान्वयन गर्न नेपाल सरकारसमक्ष गरिएको सिफारिस तथा सिफारिस कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयसँग निरन्तर समन्वय र सहकार्य हुँदै आएको छ । वाणिज्य तथा आपूर्ति मन्त्रालय, गृह मन्त्रालय, सूचना तथा सञ्चार मन्त्रालय, वाणिज्य विभाग, खाद्यप्रविधि तथा गुण नियन्त्रण विभाग, गुणस्तर तथा नापतौल विभाग, नेपाल प्रहरी, जिल्ला प्रशासन कार्यलयहरू, स्वास्थ्य मन्त्रालय लगायतका नेपाल सरकार एवम् मातहतका निकायसँग विविध विषयमा सहकार्य र समन्वय हुँदै आएको छ । कतिपय विषयहरूमा आयोगका सिफारिसहरूको तत्काल कार्यान्वयन गरी नेपाल सरकारले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार संरक्षणमा सकारात्मक दायित्व निर्वाह गरेको छ । यस्तो सहकार्यबाट आयोगलाई विभिन्न सल्लाह, सुझावहरू प्राप्त भएका छन् । आगामी दिनहरूमा आयोगका सिफारिसहरूको पूर्ण कार्यान्वयन हुने अपेक्षा गरिएको छ ।

## ६.२. नागरिक समाज

मानव अधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाहरू, वुद्धिजीवी, पत्रकार, पेशागत सङ्घसङ्गठनहरूसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सम्बन्धमा आयोगको रचनात्मक र सौहाद्रपूर्ण सम्बन्ध रहँदै आएको छ । नेपालका पाँच विकास क्षेत्रका अधिकांश जिल्लाहरूमा आयोगका क्षेत्रीय तथा उपक्षेत्रीय कार्यालयहरूमार्फत आयोगले नागरिक समाजसँगको सहकार्यलाई प्रभावकारी ढङ्गले सञ्चालन गर्दै आएको छ ।

नेपाल उद्योग वाणिज्य महासङ्घ तथा उपभोक्ता हित संरक्षण मञ्च, अनौपचारीक क्षेत्र सेवा केन्द्र (इन्सेक), सामुदायिक आत्मनिर्भर केन्द्र, कोक्याप लगायत अन्य मानव अधिकारका क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरू, वुद्धिजीवी, नागरिक समाजका प्रतिनिधिहरूसँग समेत आयोगले समन्वय एवम् सहकार्य गर्दै आएको छ । नागरिक समाज तथा गैरसरकारी संस्थाहरूमार्फत आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी विभिन्न सूचना एवम् जानकारी र उजुरीहरू प्राप्त गर्ने गरेको छ । यसै गरी यस्ता संस्थाहरूले आयोगमा उजुरीहरू पठाई मानव अधिकार संरक्षणमा सक्रिय भूमिका निर्वाह

गर्दै आएका छन् । अनुसन्धान, अनुगमनका क्रममा आयोगलाई विभिन्न राय, परामर्श, सुझावहरूसमेत दिँदै आएका छन् । मानव अधिकारका क्षेत्रमा कार्यरत मानव अधिकारकर्मीहरूको क्षेमता अभिवृद्धिका लागि आयोगले विभिन्न समयमा तालीम प्रदान गर्दै आएको छ भने आयोगले सञ्चालन गर्ने तालीमहरूमा श्रोतव्यक्तिको रूपमा स्थान दिँदै आएको छ । आयोग र नागरिक समाजको सम्बन्ध, समन्वय आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूको संरक्षण एवम् सम्वर्द्धनमा महत्वपूर्ण भूमिका रहने हुँदा समन्वय र सहकार्यलाई आयोगले थप उच्चप्राथमिकताका साथ निरन्तरता दिन जरुरी छ ।

## ६.३. सञ्चारजगतसँगको सहकार्य

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालहरूमा आयोगको धारणा सार्वजनिक गर्नका लागि आयोगले सञ्चारजगतको सहयोग लिँदै आएको छ । हाल आएर आयोगले रेडियो सगरमाथाबाट मानव अधिकार सचेतना कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसैगरी रेडियो/टेलिभिजन लगायतका सञ्चारमाध्यमहरूबाट पनि आयोगले आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा प्रचारप्रसार गर्दै आइरहेको छ । उल्लिखित अधिकारहरूको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न समाचारमाध्यमहरूमा प्रकाशित समाचारलाई आयोगले महत्वपूर्ण सूचनाको रूपमा ग्रहण गर्ने गरेको छ । विभिन्न अन्तर्क्रिया, छलफल, तालीम, सेमिनार एवम् गोष्ठीहरूमा सञ्चारक्षेत्रका व्यक्तित्वहरूलाई आयोगले महत्वपूर्ण स्थान दिँदै आएको छ ।

## ६.४ अन्तर्राष्ट्रिय निकायहरूसँगको सहकार्य

आयोगको क्षमता बिस्तार, भौतिक संरचना सुधार लगायतका विषयमा स्थापनाकालदेखि नै अन्तर्राष्ट्रिय निकायहरूसँग आयोगको सौहाद्रपूर्ण सम्बन्ध र सहकार्य रहँदै आएको छ । यसै क्रममा आयोग र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको नेपालस्थित कार्यालय (OHCHR Nepal) ले २०६५ फागुन ९ गते दुवै संस्थाहरूबीच सहकार्यसम्बन्धी मार्गनिर्देशन (Guideling of Cooperation) मा हस्ताक्षर सम्पन्न भएको थियो ।

आयोगको यूरोपेली युनियन सँगको सहकार्यले आयोगका क्षेत्रीय र उपक्षेत्रीय कार्यालयहरूको बिस्तार भयो । यसबाट आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसँग सम्बन्धित क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूसँगको पहुँच र सहकार्य सहज भएको छ । यसैगरी आयोगले युनिसेफ तथा सेभ द चिल्ड्रेन नेपाल,

क्यानेडियन ह्युमन राइट्स फाउन्डेसन, विभिन्न कुटनीतिक नियोगहरूसँग पनि समन्वय र सहकार्य गर्दै आइरहेको छ ।

## ७. आयोगका कार्यालयहरू

### केन्द्रीय कार्यालय

| | |
|---|---|
| हरिहर भवन, ललितपुर<br>इमेल nhrc@nhrcnepal.org<br>वेवसाइट www.nhrcnepal.org | पो.ब.न. ९१८२, काठमाडौं<br>फोन ०१ ५०१००१५, १६, १७, १८<br>फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५<br>हटलाइन २ ११ ११ ११ |

### क्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. विराटनगर | बरगाछी चोक | फोन ०२१ ४६१९३१, ४६१०९३<br>फ्याक्स ०२१ ४६११०० |
| २. जनकपुर | जनकपुरधाम | फोन ०४१ ५२७८११, ५२७८१२<br>फ्याक्स ०४१ ५२७२५० |
| ३. पोखरा | जनप्रिय मार्ग | फोन ०६१ ४६२८११, ४६२८२२<br>फ्याक्स ०६१ ४६५०४२ |
| ४. नेपालगञ्ज | शान्तिनगर | फोन ०८१ ५२६७०७, ५२६७०८<br>फ्याक्स ०८१ ५२६७०६ |
| ५. धनगढी | उत्तर बेहेडी | फोन ०९१ ५२५६२१, ५२५६२२<br>फ्याक्स ०९१ ५२५६२३ |

### उपक्षेत्रीय कार्यालयहरू

| | | |
|---|---|---|
| १. खोटाङ | दिक्तेल | फोन ०३६ ४२०२८४ |
| २. रुपन्देही | बुटवल | फोन ०७१ ४४६९११ |
| ३. जुम्ला | खलङ्गा | फोन ०८७ ५२०२२२ |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
पो.ब.न. ९१८२, काठमाडौं
इमेल nhrc@nhrcnepal.org
फोन ०१ ५०१००१५, १६, १७, १८
वेवसाइट www.nhrcnepal.org
फ्याक्स ०१ ५५४७९७३, ५५४७९७५
हटलाइन २ ११ ११ ११

## क्षेत्रीय कार्यालयहरू

विराटनगर, बरगाछी चोक
फोन ०२१ ४६१९३१, ४६१०९३
फ्याक्स ०२१ ४६११००

जनकपुर, जनकपुरधाम
फोन ०४१ ५२७८११, ५२७८१२
फ्याक्स ०४१ ५२७२५०

पोखरा, जनप्रिय मार्ग
फोन ०६१ ४६२८११, ४६२८२२
फ्यायाक्स ०६१ ४६५०४२

नेपालगञ्ज, शान्तिनगर,
फोन ०८१ ५२६७०७, ५२६७०८
फ्याक्स ०८१ ५२६७०६

धनगढी, उत्तर बेहेडी
फोन ०९१ ५२५६२१, ५२५६२२
फ्याक्स ०९१५२५६२३

## उपक्षेत्रीय कार्यालयहरू

खोटाङ, दिक्तेल, फोन ०३६ ४२०२८४

रूपन्देही, बुटवल, फोन ०७१ ४४६९११

जुम्ला, खलङ्गा, फोन ०८७५२०२२२